सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८१/०८२
च.नं: १५०९

मितिः२०८१।१२।०७

श्री वडा कार्यालयहरु सबै ।
श्री विषयगत शाखाहरु सबै ।
सरुमारानी गाउँपालिका, प्यूठान ।

विषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१।१२।०६ गते बसेको बैठकको निर्णय प्रतिलिपिहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

(लक्ष्मण आचार्य)
नि.प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगानाः सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल
कार्यालयको फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np
Email :sarumarani2073@gmail.com

**मिति २०८१।१२।६ गतेका गाउँकार्यपालिकाको पचपन्नौ बैठकका प्रस्तावहरु:**

१. प्रगति समिक्षा सम्बन्धमा।

२. नवप्रवर्तन साझेदारी कोष कार्यक्रमको लागि प्रस्तावना पेश गर्ने सम्वन्धमा ।

३. सुरक्षित नागरिक आवास कार्यक्रमको घरधुरी छनौट सम्बन्धमा ।

४. आर्थिक सहायता सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

- सुरक्षित आप्रवासन (SaMi) परियोजनाको प्रतिवद्धता सम्वन्धमा ।
- GESI Audit report, २०८१ सम्बन्धमा ।
- प्राकृतिक श्रोत,जैविक विविधता प्रतिवेदन/पाश्वचित्र सम्वन्धमा ।
- जनता आवास कार्यक्रम माग गर्ने सम्बन्धमा।

**बैठक संख्या-५५**
**गाउँकार्यपालिकाको पचपन्नौ बैठकका निर्णयहरु**
**मितिः २०८१।१२।६ गते**

**निर्णय नं. १ प्रगति समिक्षा सम्बन्धमा ।**
प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।११।१८ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन भएको जानकारी भयो ।

**निर्णय नं २ नवप्रवर्तन साझेदारी कोष कार्यक्रमको लागि प्रस्तावना पेश गर्ने सम्बन्धमा ।**

क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश अन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम (PLGSP) तर्फ स्वीकृत कार्यक्रम अन्तर्गत नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा ५ बमोजिम मिति २०८१।११।२९ गते प्रकाशित प्रस्ताव पेश गर्ने सूचना अनुसार कोष कार्यान्वयन निर्देशिकाको अनुसूची-१ को ढाँचामा कुल लागत रु. २,००,१०,०००/-को डिजिटल विद्यालय कार्यक्रम नामको परियोजना प्रस्ताव (यस पछि बस्ने गाउँसभाबाट अनुमोदन हुने गरी) पेश गर्ने र उक्त परियोजना प्रस्तावको कुल लागतको ३० प्रतिशतमा रकम नघटने गरी यस गाउँपालिकाले साझेदारी बजेट ब्यवस्था गर्ने प्रतिवद्दता सहित, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश कार्यक्रम कार्यान्वयन इकाईमा डिजिटल विद्यालय कार्यक्रम प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

ख) निर्णय न. २(क) बमोजिमको नवप्रवर्तन साझेदारी कोष कार्यक्रम संचालनको लागी पेश भएको डिजिटल विद्यालय कार्यक्रमको परियोजना प्रस्ताव कार्यान्वयनको लागि तपशिल बमोजिमको नवप्रवर्तन साझेदारी कोष कार्यक्रमको परियोजना कार्यान्वयन तथा सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. गाउँपालिका अध्यक्ष- संयोजक
२. गाउँपालिका उपाध्यक्ष-सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत-सदस्य
४. सामाजिक विकास समितिको संयोजक-सदस्य
५. कार्यापालिकाको दलित महिला /पिछडिएको समुदायको सदस्य-१जना
६. विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष-१ जना सदस्य
७. विद्यालयका प्रधानाध्यापक – १ जना सदस्य
८. सूचना प्रविधि अधिकृत -सदस्य
९. शिक्षा शाखा प्रमुख- सदस्य-सचिव

**निर्णय नं. ३ सुरक्षित नागरिक आवास कार्यक्रमको घरधुरी छनौट सम्बन्धमा ।**

प्रस्ताव न. ३ माथि छलफल गर्दा संघीय सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत आ.ब. २०७७/०७८ मा सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७।११।११ गते र २०७८/३/२५ गतेको बैठकबाट स्वीकृत/संशोधित २०० घरधुरी मध्ये आ.ब. २०८०।०८१ सम्म १२७ घरधुरीमा सुरक्षित नागरिक आवास कार्यक्रममा विनियोजित बजेटबाट र ५३ घरधुरीमा यस गाउँपालिकाको बजेटबाट जस्तापाता लगाउने काम सम्पन्न भएकोले यस गाउँपालिकाको बजेटबाट जस्तापाता लगाएका घरपरिवारको विवरण तयार गरी पठाउने, बाकी २० घरधुरीमा चालु आ.ब.को स्वीकृत बजेटबाट जस्तापाता लगाउने भनिएकोमा उक्त घरधुरी मध्ये जस्तापाता लगाउने र विभिन्न कारणले जस्तापाता लगाउन नसक्ने घरधुरीको छुट्टा छुट्टै विवरण तयार गरी पठाउने, उक्त २० घरधुरी मध्ये जस्तापाता लगाउन नसक्ने घरधुरीको स्थानमा चालु आ.ब. मा नयाँ घरधुरीको विवरण लाभग्राही सर्भेक्षण फारम सहित विवरण पठाउने साथै वडा कार्यालयहरुबाट जस्तापाता लगाउन बाकी रहेका विपन्न परिवारहरुको विवरण ( पछि सम्म फरक नपर्ने गरी) लाभग्राही सर्भेक्षण फारम सहित मिति २०८१।१२ २० गते भित्र वडा कार्यालयहरुले तयार गरी यस कार्यालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४ आर्थिक सहायता सम्बन्धमा ।**

- ने.क.पा. माओवादी केन्द्र सरुमारानी गाउँपालिकाको मिति २०८१।११।२२ को पत्र अनुसार तेश्रो गाउँपालिका अधिवेशन कार्यक्रमको सहयोग स्वरुप रु. १००००/- अर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
- कर्णाली खोजखबर प्रेस एण्ड मिडियाहाउस प्रा.लि.को मिति २०८१।।११।२२ को निवेदन अनुसार जनप्रतिनिधिहरुको सम्पर्क डायरी नामक पुस्तकको रु. २०००/- भुक्तानी गर्ने निर्णय गरियो ।
- नेपाल प्रेस युनियन जिल्ला शाखा, प्यूठानको मिति २०८१।११।२९ को पत्र अनुसार लोमान्थाङ्ग अन्तराष्ट्रिय मिडिया समिटको सहभागिताको लागि रु. ५०००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ विविध सम्बन्धमा ।**

- **सुरक्षित आप्रवासन (SaMi) परियोजनाको प्रतिबद्धता सम्बन्धमा ।**

श्रमरोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.न. १४८ मिति २०८१।११।२३ को पत्र अनुसार सुरक्षित आप्रवासन (SaMi) परियोजना कार्यक्रम संचालन तथा ब्यवस्थापनको लागि लागत साझेदारीको लागि यस कार्यालयको मिति २०८१।१२।४ च.न. १४९२ बमोजिम गरिएको प्रतिवद्धता पत्रलाई अनुमोदन गर्ने निर्णय गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

- **GESI Audit report २०८१ सम्बन्धमा ।**

सरुमारानी गाउँपालिकाको आ.व. २०८०/०८१ को लैंगिक समानता तथा समावेशीकरण परीक्षण प्रतिवेदन, २०८१ (GESI Audit Report,२०८१) लाई स्वीकृत गर्ने निर्णय गरियो ।

- **प्राकृतिक श्रोत,जैविक विविधता प्रतिबेदन/पाश्वचित्र सम्वन्धमा ।**

  समृद्धिको लागि वन परियोजनाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तयार पारिएको प्राकृतिक श्रोत जैविक विविधता, वन्यजन्तु, वनस्पति सिमसार तालतलिया सम्वन्धि प्रतिवेदन/पाश्वचित्र, २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

- **जनता आवास कार्यक्रम माग गर्ने ।**

लुम्विनी प्रदेश सरकारले दलित तथा अल्पसंख्यक समूदायको लागि कार्यान्वयन गर्दै आएको जनता आवास कार्यक्रम विगत केही वर्षयता यस जिल्लामा संचालन नभएको कारणले उक्त समूदायका संभावित लाभग्राहीहरु मर्कामा परेको जनगुनासो यस गाउँपालिकामा प्राप्त हुन आएको हुदाँ यस क्षेत्रका प्रदेश सभाका माननीय सदस्यज्यू मार्फत लुम्विनि प्रदेश सरकार समक्ष उक्त कार्यक्रम संचालनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८१/१२/६

नि.प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँपालिकाको कार्यालय
लुम्बिनी प्रदेश,नेपाल

खड्ग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष